आज मिति २०८०।०९।२२ गते आइतवारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेलज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको वैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

आ.व.: २०८०।८१ वैठक सङ्ख्याः २४ समय : विहान ११:०० बजे स्थानः गाउँपालिका भवन

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख बहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान बहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुँवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत बहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केशरमान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | — |
| १५ | सदस्य | श्री चमेली परियार | |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | — |
| १९ | सचिव | श्री विष्णु प्रसाद सुवेदी | |

सहजकर्ता कर्मचारीः

१. श्री सुदर्शन भट्टराई
२. श्री यज्न कुमार बस्नेत
३. श्री अमर कुमार श्रीवास्तव
४. श्री प्रकाश रावल
५. श्री विक्रम बस्नेत

सहयोगी कर्मचारीः

१. श्री दिलिप कुमार भुजेल

भुम्लु गाउँकार्यपालिका बैठक आ.व: २०८०।८१ बैठक सङ्ख्या:२४ मिति २०८० पौष २२

**प्रस्तावहरु:**

१. २३औं बैठक समिक्षा सम्बन्धमा।
२. प्राप्त परिपत्रको जानकारी सम्बन्धमा।
३. समपूरक र विशेष योजना छनौट सम्बन्धमा।
४. गाउँसभा बैठक सम्बन्धमा।
५. आगामी गाउँसभा बैठकमा योजना परिमार्जन गर्ने सम्बन्धमा।
६. गाउँसभा बैठकमा पेश गर्ने ऐन कानून सम्बन्धमा।
७. खानेपानी/सिँचाई पाइप तथा टयाङ्की वितरण मापदण्ड निर्धारण सम्बन्धमा।
८. सडक बोर्ड नेपालसंग सडक मर्मत सम्भारको लागि साझेदारी गर्ने सम्बन्धमा।
९. मेलमिलाप केन्द्रको व्यवस्थापन सम्बन्धमा।
१०. आर्थिक सहायता सम्बन्धमा।
११. पदपूर्ति अनुमोदन सम्बन्धमा।
१२. चौवास स्वास्थ्य चौकीको लागि जग्गा हस्तान्तरणमा लाग्ने खर्च सम्बन्धमा।
१३. दोलालघाट क्षेत्रमा क्यामेरा जडान गर्ने सम्बन्धमा।
१४. चौरकुना खेलमैदानको लागि बजेट माग सम्बन्धमा।
१५. विविध।

**निर्णयहरु:**

१. गत २३औं कार्यपालिकाको बैठकमा भएका निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो ।

२. संघ, प्रदेश र अन्य निकायबाट प्राप्त परिपत्र सम्बन्धमा जानकारी लिइयो ।

३. क) संघमा पठाउने समपूरक योजना: १) भुम्लु डाँडा देखि भिमसेनथान जाने बाटो स्तरोन्नति

ख) प्रदेशमा पठाउने समपूरक योजना: १) चौवास गुफा, सिम्थली र बेखसिम्ले जाने बाटो निर्माण

क) संघमा पठाउने विशेष योजना: १) आयुर्वेद अस्पताल भुम्लु
२) अरुणोदय मावि भवन स्तरोन्नति सिम्थली
३) जनजागृति प्रावि भवन निर्माण सापिङ

ख) प्रदेशमा पठाउने विशेष योजना: १) जनता मावि भवन मर्मत तथा घेराबार निर्माण कोलाँती
२) इन्द्रावती टारीखेत नौलेगाउँ बजारक्षेत्र खानेपानी लिफ्टिङ्ग
३) वनदेवी मावि मैदान निर्माण घेराबार बेखसिम्ले
४) बाल उन्नती आ.वि. भवन तथा घेराबार निर्माण भुम्लु-२ सिम्थली गुफाडाँडा

४. गाउँसभाको १४औं अधिवेशन यहि पौष २६ गते गर्ने निर्णय गरियो ।

५. वडा तथा गाउँपालिका स्तरीय योजना तथा कार्यक्रम परिमार्जन एवं संशोधन गर्नुपर्ने भए मिति २०८०/०९/२५ गते भित्र वडा समितिको माइन्यूट सहित प्रमाणित गरी योजना शाखामा पठाउने ।

६. गाउँसभाको १४औं अधिवेशनमा देहाय बमोजिमका ऐन कानून तर्जुमा तथा संशोधन गर्न विधायन समितिलाई निर्देशन गर्ने:-

क) शिक्षा ऐन

ख) न्यायिक समिति कार्यविधि सम्बन्धी ऐन, २०७५

७. खानेपानी/सिंचाई पाइप तथा टयाङ्की वितरण देहाय बमोजिम गर्ने ।

क) वडाको सिफारिस बमोजिम ४/४ वटा खानेपानी टयाङ्की वितरण गर्ने ।

ख) खानेपानी/सिंचाई पाइप अनुगमन पश्चात मापदण्ड तयार गरी वितरण गर्ने ।

८. सडक बोर्ड नेपालसंग स्थानीय सडक मर्मत सम्भार कार्यको लागि सडक बोर्ड नियमावली, २०६० को परिच्छेद ३ नियम ९ तथा मार्गदर्शन बमोजिम व्यहोर्नुपर्ने समपूरक कोष वापत पूँजीगत शीर्षकबाट तोकिएको प्रतिशत व्यहोर्ने प्रतिबद्धता गर्ने। स्थानीय सडक मर्मत सम्भार सम्बन्धमा ५० किलो कोलाचौर रामपुर सडक मर्मत सम्भार योजना कार्यान्वयनको लागि अनुरोध गर्ने।

९. वडा अन्तर्गत मेलमिलापकर्ताहरुबाट प्राप्त मागका आधारमा न्यायिक समितिको मेलमिलाप केन्द्र व्यवस्थापन बजेटबाट आवश्यक सामाग्री उपलब्ध गराउने।

१०. आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय गरियो।

यस कार्यपालिका बैठकमा देहाय बमोजिम आर्थिक निर्णय गरियो

| क्र.सं. | नाम र थर | ठेगाना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | दल बहादुर घर्ती क्षेत्री | भुम्लु-१ | १०,०००/- | रोगबाट पिडीत भएको (डाक्टरको रिपोर्ट पेश भए पश्चात भुक्तानी दिने) |
| २ | भक्त बहादुर सुनुवार | भुम्लु-७ | ४०,०००/- | बाघ वाखाको खोरमा बसी १ वटा खसी र ३ वटा ब्याउने माउ वाखा मारी क्षति पुऱ्याएको |
| ३ | मकुन्द खड्का | भुम्लु-७ | १०,०००/- | दाहिने खुट्टा भाचिएको |
| ४ | पेमा दोर्जे तामाङ | भुम्लु-५ | २५,०००/- | निजको दुवै मृगौला बिग्री मृत्यु भएको (सबभन्दा नजिकको हकवालालाई भुक्तानी दिने) |
| ५ | दिपा कुमार डाँगी (खड्का) | भुम्लु-५ | १०,०००/- | मानसिक रोगबाट पिडित |

११. मिति २०८०/०९/१८ गते छनौट भएका सफल उम्मेदवारहरु मेडिकल अधिकृत, विद्यालय नर्स तथा कम्प्युटर शिक्षकको पदपूर्ति अनुमोदन गर्ने ।

१२. चौवास स्वास्थ्य चौकीको लागि जग्गा प्राप्ति सम्बन्धमा लाग्ने वास्तविक खर्च मिल्ने शीर्षकबाट नियमानुसार उपलब्ध गराउने ।

१३. दोलालघाट क्षेत्रको सुरक्षालाई मध्यनजर गरी प्रचलित नर्म्स र दररेट बमोजिम लागत अनुमान तयार गरी पिकनिक स्पट शीर्षकबाट नियमानुसार क्यामेरा जडान गर्ने ।

१४. भुम्लु-५ स्थित पालिकास्तरीय चौरकुना खेलमैदानको लागि डि.पी.आर. बमोजिमको बजेट युवा तथा खेलकुद मन्त्रालयमा प्राप्तिको लागि पेश गर्ने।

१५. विविध ।

क) हवेली, सिम्थली, वेखसिम्ले जाने बाटो स्तरोन्नति कार्य भई रहेकोमा उक्त वडाको लागि वडा नं.१,४,२ र ३ मा विद्युत पोल स्थानान्तरणको लागि विद्युत प्राधिकरणलाई पत्राचार गर्ने र आवश्यक वजेट मिल्ने

शीर्षकबाट गर्ने। सडकको क्षेत्राधिकार (दायाँबायाँ गरी १५ मिटर) भित्र परेका घरटहरा हटाउन १५(पन्ध्र) दिनको म्याद तोकी सूचना जारी गर्ने।

ख) बसपार्क क्षेत्रमा अनाधिकृत पसल/पार्किङ हटाउन सूचना जारी गर्ने। पार्किङको विकल्प बेलडाँडा जाने टर्निङ र बेलडाँडामा दिने साथै व्यवस्थापनको लागि प्रहरीलाई पत्राचार गर्ने।

ग) दोलालघाट बसपार्क क्षेत्रको सार्वजनिक जग्गामा निर्माण भएका घरटहरा, पसलहरुबाट आन्तरिक स्रोत संकलन गर्ने प्रयोजनको लागि राजश्वको दररेट निर्धाणका लागि आगामि गाउँसभामा पेश गर्ने।

घ) वडा नं.१,२,३,९ र १० को तला थप गर्ने कार्य फ्रेण्ड्स निर्माण कम्पनीले पाएको ठेक्का अनिवार्य रुपमा कार्यसम्पन्न गर्न लिखित प्रतिबद्धता माग गर्ने र मिति २०८०/१०/३० गते सम्म म्याद थप गर्ने।